# छलफलका विषय वस्तुहरु

१. समिक्षा सम्वन्धमा ।

२. कालिका मा.वि. शिवपुरी-६ का लागि जग्गा नामसारी सिफारिस सम्बन्धमा ।

३. कालिका मा.वि. शिवपुरी-६ को नाम परिवर्तन सम्बन्धमा ।

४. शिक्षा योजना निर्माणको बाँकी कार्य अगाडी बढाउने सम्बन्धमा ।

५. मातृभाषा (तामाङ) शिक्षा कार्यान्वयन सम्बन्धमां ।

६. विविध ।

(क) अवधी थप सम्बन्धमा ।

## छलफल तथा निर्णयहरु

**निर्णय नं. १ समिक्षा सम्बन्धमाः-** यस अघिका कार्यपालिका बैठकका निर्णयहरु लिपिबद्ध गरी केही निर्णयहरु कार्यान्वयन भई सकेका र अन्य निर्णयहरु क्रमशः कार्यान्वयन गर्दै जाने विषयमा समिक्षा एवम् छलफल गरियो ।

**निर्णय नं. २ कालिकादेवी मा.वि. शिवपुरी-६ का लागि जग्गा नामसारी सिफारिस सम्बन्धमाः** शिवपुरी गाउँपालिका वडा नं. ६, गुर्जेमा सञ्चालित श्री कालिकादेवी माध्यमिक विद्यालयले विगत लामो समय देखि सुर्योदय अनाथाश्रमको नाममा शिवपुरी गाउँपालिका वडा ६ (साविक साङ्ला गा.वि.स. वडा नं. ७ (ख)) मा रहेको कित्ता नं. १५२, १५३, १५४ र १५५ को जम्मा क्षेत्रफल ८-१५-१-० को जग्गामा निर्मित १४ कोठाको पक्कि भवनमा कक्षाहरु सञ्चालन भईरहेको । मिति २०८२/०१/०७ गते शिवपुरी गाउँपालिका, उपरोक्तानुसारको श्री कालिकादेवी माध्यमिक विद्यालय, सुर्योदय अनाथाश्रम र SCAI अष्ट्रेलिया बीच भएको सम्झौता बमोजिम उक्त अनाथाश्रमको नाममा रहेको जग्गा विद्यालयलाई नामसारि गरि दिने सम्झौता भएले वि.व्य.स. को मिति २०८२/०१/०८ को बैठकको निर्णय अनुसार अनाथाश्रमको नाममा रहेको जग्गा विद्यालयको नाउंमा नामसारी गर्न श्री मालपोत कार्यालय, नुवाकोटमा सिफारिश गर्ने निर्णय गरियो ।

**निर्णय नं. ३ कालिकादेवी मा.वि. शिवपुरी-६ को नाम परिवर्तन सम्बन्धमाः-** शिवपुरी गाउँपालिका वडा नं. ६, गुर्जेमा सञ्चालित श्री कालिकादेवी माध्यमिक विद्यालयको वि.व्य.स.को मिति २०८२/०१/०८ गतेको बैठकबाट विद्यालयको नाम परिवर्तन गर्ने निर्णय भइ आएकोले सो सम्बन्धमा शिक्षा नियमावली, २०५९ को नियम १५४ को उपनियम २ (क) र शिवपुरी गाउँपालिकाको गाउँ शिक्षा ऐन, २०७६ को दफा ७१ को उपदफा ४(क) अनुसार सहयोग गर्ने व्यक्तिले विद्यालयको पहिलेको नामको पछाडी आफुले प्रस्ताव गरेको नाम जोड्न सक्ने व्यवस्था भएकोले विद्यालयको नाममा जग्गा स्वामित्व हस्तान्तरण भै आई सके पछि मात्रै विद्यालयलाई जग्गा सहयोग गर्ने सुर्योदय अनाथाश्रमको नाम जोडि विद्यालयको नाम श्री कालिकादेवी सुर्योदय वाल माध्यमिक विद्यालय (अङ्ग्रेजीमाः SHREE KALIKADEVI SUNRISE CHILDREN SEONDARY SCHOOL) कायम गर्ने र विद्यालयसगँ सम्बन्धित निकायहरुमा सिफारिश गरि पठाउने निर्णय गरियो ।

CamScanner

**निर्णय नं. ४ शिक्षा योजना निर्माणको बाँकी कार्य अगाडी बढाउने सम्बन्धमा:** गाउँपालिकाको लागि निर्माणाधिन अवस्थामा रहेको शिवपुरी गाउँपालिकाको १० वर्षे शिक्षा योजना निर्माण कार्यका लागि USAID बाट तोकिएका सहजकर्ताको सेवा समाप्त भै सहजिकरण गर्न नसक्ने भन्ने जानकारी प्राप्त भएकोले निजलाई गाउँपालिकाबाट बढिमा रु. ५०,०००।- (पचास हजार रुपैयाँ मात्र ।) पारिश्रमिक दिई शिक्षा योजना निर्माण कार्य पुरा गर्ने जिम्मा प्रमुख प्रशासकीय अधिकृतलाई दिने निर्णय गरियो ।

**निर्णय नं. ५ मातृभाषा (तामाङ) शिक्षा कार्यान्वयन सम्बन्धमा:-** गाउँपालिका क्षेत्र भित्र तमाङ समुदायको बाहुल्यता रहेको हुनाले जुन जुन विद्यालयबाट तामाङ भाषामा पठनपाठन गराउने भन्ने प्रस्ताव प्राप्त भएको छ सोही/सोही विद्यालयमा तामाङ भाषा (मातृभाषा) मा कक्षा १ बाट पठन पाठन कार्य अगाडी बढाउने जिम्मा शिक्षा, युवा तथा खेलकुद शाखालाई जिम्मा दिने निर्णय गरियो ।

**निर्णय नं. ६ विविध:-**

**(क) अवधी थप सम्बन्धमा:** यस शिवपुरी गाउँपालिकाको आ.व. २०८१/०८२ मा ठेक्का प्रक्रिया मार्फत कार्यान्वयन गरिएका तपसिल बमोजिमका निर्माण कार्यको अवधि थप गर्ने निर्णय गरियो।

| सि.न. | ठेक्काको बिवरण र ठेक्का नं. | निर्माण व्यवसायिको नाम र ठेगाना | सम्झौता मिति | हाल कायम अवधि | म्याद थप गरी कायम हुने अवधि | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | देउराली-रोल्चे-शिवालय-चगाउँ सडक स्तरोन्नती (SRM/NCB/WORKS/081-082/01) | Kalki Krishna Construction Pvt.Ltd.,Dhumbarahi-04 Kathmandu | २०८१/०७/२५ | २०८२/०१/३० | २०८२/०३/३० | |
| २ | लोकमार्ग-खतिवडाटोल-काउले-तप्केटार-हिले-कात्तिके-थाप्के-हर्षे भिरखर्क सडक स्तरोन्नती (SRM/NCB/WORKS/081-082/01) | Jigme Construction Pvt.Ltd., Tokha-09 Kathmandu | २०८१/०८/०२ | २०८२/०१/३० | २०८२/०३/३० | |
| ३ | बोर्लाङभुमे मा.वि सुधारका लागि पूर्वाधार निर्माण (SRM/NCB/WORKS/081-082/01) | New Sulakshyana Construction Udhyog , Bidur-09 Nuwakot | २०८१/०७/२५ | २०८२/०१/३० | २०८२/०३/३० | |
| ४ | माने स्तुपा, झयालीमादल महादेव,स्याउरेभुमे महादेव सम्म पदमार्ग (SRM/NCB/WORKS/081-082/01) | Rasika Constrcution, bidur 09, Nuwakot | २०८१/०७/२७ | २०८२/०१/३० | २०८२/०३/३० | |